नेपाल सरकार
गृह मन्त्रालय
# कारागार व्यवस्थापन विभाग
कालिकास्थान, काठमाण्डौं
(बन्दी प्रशासन शाखा)

फोन नं. : ०१-४४२४३४१
फ्याक्स : ०१-४४४४५५३
ईमेल : bandi@dopm.gov.np

मिति २०८३/०६/२१

विषय :- उजुरी,गुनासो सम्बन्धी ७ (सात) दिने सूचना ।

प्रस्तुत बिषयमा केन्द्रीय कारागार कार्यालय, जगन्नाथदेवल, काठमाण्डौमा ज्यान सम्बन्धी कसुर (कर्तब्य ज्यान), हातहतियार खरखजाना तथा बिष्फोटक पदार्थ मुद्दा (मु.नं.०७९-C१-००५७ कालिकोट जिल्ला अदालत) का प्रतिवादी अमर बहादुर सहकारीले आफु ज्येष्ठ नागरिक भएकाले जेष्ठ नागरिक ऐन २०६३ को दफा १२ बमोजिम कैद कट्टी सुबिधा पाउन केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौमा निवेदन दिइ कारागार प्रशासक र प्रमुख जिल्ला अधिकारीको सीफारिस सहित यस विभागमा फायल प्राप्त भएको । कैद कट्टा नियमावली २०७६(चौथो संशोधन २०८३) को नियम ६ को उपनियम (३) मा उपनियम (२) बमोजिम त्यस्तो कसुरको सम्बन्धमा निवेदकलाई कैद छुट दिंदा कसुरदारका सम्बन्धमा उजुरी वा गुनासो गर्न ७ (सात) दिनको सूचना प्रकासित गर्नु पर्ने ब्यवस्था रहेकाले यस बिभागको मिति २०८३/०६/२० गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ। निजको कैद छुट सम्बन्धमा कोही कसैलाई उजुरी वा गुनासो गर्नु पर्ने भए यो सूचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा पछिसम्म फरक नपर्ने गरी प्रमाण सहित यस बिभागमा उपस्थित भई वा विभागको इमेल ठेगाना bandi@dopm.gov.np मा उजुरी वा गुनासो गर्न हुन यो सुचना प्रकाशित गरिएको ब्यहोरा जानकारी गराईन्छ। अन्यथा कानून बमोजिम हुने ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०८३।०६।२१
..............................
(शेरबहादुर थापा)
शाखा अधिकृत